# सुन्दरहरैंचा नगरपालिका
**SUNDARHARAINCHA MUNICIPALITY**
## नगर कार्यपालिकाको कार्यालय
**Office of Municipal Executive**
विराटचोक, मोरङ
**Biratchowk, Morang**
१ नं प्रदेश, नेपाल
**Province No. 1, Nepal**

प.स.०७५/०७६(पशुपंक्षी प्रवर्द्धन शाखा)
च.नं.(Ref.No.): ८६

मिति :२०७५/१०/०७

***हिउदे घाँस खेति गरेका कृषकको लागी अनुदानको सुचना ।***

**चोथौ पटक प्रकासित मिति २०७५/१०/०७ गते ।**

सुन्दरहरैचा नगरपालिकाको आ.ब २०७५/०७६ को पशुपंक्षी प्रबर्द्धन शाखाको स्विकृत कार्यक्रम अनुसार पशुआहारा सेवा कार्यक्रम अन्तरगत सर्शत तर्फको च.नं.७९५ मिति २०७५/०७/१२ मा प्रथम पटक प्रकाशित सुचना अनुसार १५ दिन रं मिति: २०७५/०७/२६ मा दोस्रो पटक प्रकाशित सुचना अनुसार १५ दिनको म्याद तथा मिति २०७५/१०/०७ मा राखी तेस्रो पटक प्रकाशन गरिएको सुचना अनुसार उक्त अवधि भित्र पनि सबै वडाहरुबाट (गाई/ भैसी/भेडा/बाखा) आहारा श्रोत विकास सहयोग अन्तरगतको कार्यक्रममा सहभागि भई स्रोत विकास गर्न व्यवसायिक पशु पालक फार्महरु तथा घाँस खेती गर्ने व्यवायीक कृषकहरुको निवेदन पर्न नआएको हुदा पुन : आजको मितिबाट ७ दिनको म्याद राखी पुनः निवेदन माग गरिएको व्यहोरा तपशिल बमोजिम अनुरोध छ ।

**<u>तपशिल:</u>**

कार्यक्रममा सहभागि हुन चाहाने कृषकको मापदण्ड:

१. कम्तिमा १ विघा भन्दा बढि उन्नत हिउदे घास खेति गरेको कृषक ।

२. घाँसको बिउ उत्पादन गर्ने /घासको बिउ उपलब्ध गराउन सक्ने कृषक या व्यावसयिक फार्म

| सि.नं | कार्यक्रमको नाम | संख्या | कार्यक्रम अनुसार सहभागिलाइ उपलब्ध गराउन सकिने जम्मा सहयोग तथा अनुदान |
|---|---|---|---|
| १ | घाँस खेतिबाट बिउ श्रोत निर्माण सहयोग तथा अनुदान | ५ वटा फार्म वा व्यवसायीक किसान | प्रति विघा रु. २५,०००/- (पच्चीस हजार) मात्रका दरले जम्मा रकम १,२५,००० /-(एक लाख पच्चीस हजार मात्र) |

छनौट प्रक्रिया : निबेदन प्राप्त पश्चात फिल्ड भेरिफिकेशन गरिने तथा नगरपालिका स्तरिय पशुबिकास कार्यदलको निर्णय बमोजिम अनुदान रकम उपलब्ध गरराइने छ ।

**<u>निवेदनका साथ संलग्न गर्नुपर्ने अन्य कागजातहरु :</u>**

१. निवेदन र निवेदन बापतको दस्तुर रु.६१०/-(छ सय दश) तिरेको रसिद ।

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

३. व्यवसाय संचालन गर्ने स्थानको जग्गाको जग्गाधनि प्रमाणपत्र को प्रतिलिपि(भाडाको जग्गा भए कम्तिमा ५ वर्षको सम्झौता पत्र) ।

४. आन्तरिक राजस्व कार्यालय (पाना नं) तथा घरेलु कार्यालय र अन्य कुनै कार्यालयमा दर्ता भएको भए सो को प्रमाणपत्रको प्रतिलिपि ।

५. घास खेति गरेको स्थानको फोटो ।

६. कुनै संघ संस्था; समुह समितीमा रहेको भए सो को सिफारिस ।

७. वडा कार्यालयको सिफारिस।

८. नगरपालिकामा दर्ता तथा नविकरण गरेको व्यवसाय प्रमाण पत्रको प्रतिलिपी ।

९.नगरपालिकामा बुझाउनु पर्ने चालु आ.व.को सम्पतीकर/भुमीकर तिरेको रसिदको प्रतिलिपी ।

***निवेदन तथा बिस्तृत जानकारीको लागि यस नगरपालिकाको पशुपन्छी प्रबधन शाखामा सर्म्पक गर्नुहोला ।***

२०७५।१०।७

जिवन कुमार चापागाई
पशु चिकित्सक
सुन्दरहरैंचा नगरपालिका कार्यालय
विराटचोक,मोरङ

जीवनकुमार चापागाई
पशु चिकित्सक